# स्थानीय राजपत्र

## सोताङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ संख्या : ७ भाग : २ प्रकाशन मिति : २०८३।०६।१६

# सोताङ गाउँपालिकाको

# सडक मापदण्ड, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०६।१६

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी सोताङ गाउँपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "सोताङ गाउँपालिकाको सडक मापदण्ड, २०८३" रहेको छ ।

(ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने छ ।

**परिच्छेद - २**

**सडक मापदण्ड**

२. सोताङ गाउँपालिकाभित्र पर्ने सडकको मापदण्ड देहायबमोजिम हुने छ :

| क्र.सं. | सडकको नाम | सडकको मध्यरेखादेखि दायाँबायाँ | सेटब्याक | कैफियत |
|---|---|---|---|---|
| १ | नेले-सोताङ-महाकुलुङ सडक | ६/६ मिटर | १.५ मिटर | |
| २ | अन्य ग्रामीण सडक | ३/३ मिटर | १.५ मिटर | |

## परिच्छेद - ३
## विविध

३. यो मापदण्ड लागु हुनुअघि निर्माण भइसकेका आवासीय पक्की भवनलाई यस मापदण्डले कुनै असर गर्ने छैन तर सोबाहेक अस्थायी प्रकृतिका वा अन्य भौतिक संरचनाका हकमा यो मापदण्ड लागु हुने छ ।

४. यो मापदण्ड लागु भएपछि निर्माण हुने सबै प्रकारका भौतिक संरचना यसै मापदण्डबमोजिम निर्माण हुनुपर्ने छ ।

५. निर्माण भइसकेको आवासीय भवनमा प्राकृतिक प्रकोपका कारण क्षति पुगी नवनिर्माण गर्नुपर्ने भएमा र जग्गाधनीको जग्गा त्यति मात्र भएमा (अन्यत्र आवास निर्माण गर्ने जग्गा नभएमा) सोही स्थानमा पुनर्निर्माण गर्न अनुमति दिन सकिने छ ।

६. भवनको नक्सा पासका लागि अनुमति दिँदा गाउँपालिका कार्यालयले यो मापदण्डका साथै सोताङ गाउँपालिकाको घरनक्सा पाससम्बन्धी कार्यविधि, २०७८ अनिवार्य रूपमा पालना गर्नुपर्ने छ ।

७. नेपाल सरकार वा प्रदेश सरकारले सडक विस्तार गर्ने कार्य गरेमा सोहीअनुसार हुने छ ।

८. भवन निर्माण अनुमति दिँदा यस मापदण्डले तोकेबमोजिम सडकको चौडाइलाई आधार मानिने छ ।

९. सडकको अधिकार क्षेत्रभित्र विभिन्न सामग्री राखेमा वा व्यक्तिगत रूपमा उपयोग गरेमा कानुनबमोजिम कारवाही गरिने छ ।

१०. कार्यपालिकाले निर्णय गरी यस मापदण्डमा संशोधन गर्न सक्ने छ ।

११. यस मापदण्डमा उल्लेख भएका विषयमा यसै मापदण्डबमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुनबमोजिम हुने छ ।

आज्ञाले,<br>
रमेश पौडेल<br>
प्रमुख प्रशासकीय अधिकृत